स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





अन्तर्जातीय प्रेमकथामा निर्माण हुने फिल्म 'जदौ' मा अभिनेत्री नीति शाह भित्रिएकी छन् । फिल्ममा मुख्य अभिनेत्री भूमिका निर्वाह गर्ने गरेर उनी भित्रिएकी हुन् । फिल्म अभिनयको विषयमा निर्माण पक्ष र उनको कागजी सम्झौता समेत भैसकेको छ । फिल्ममा उनी अभिनेता मुकुन भुसालको जोडी बन्ने छिन् । काजी लिम्बूको लेखन रहेको फिल्म सिल्भर स्क्रिन इन्टरटेन्मेन्ट र सम्मिश्रण मुभिज एन्ड इन्टरटेन्मेन्टको संयुक्त निर्माणमा बन्न लागेको हो ।

**आजको विचार...**



नेपालमा...
(दुई पेजमा)

कपिल लोहनी

फिल्म उद्योगमा अभिनेता अनमोल केसीको पारिश्रमिकको चर्चा सधैं हुने गर्छ । फिल्म 'फर्की फर्की'मा उनले ५० लाख पारिश्रमिक लिएको र करबापत उनले ७ लाख ५० हजार रुपैयाँ तिरेको सार्वजनिक गरिएको थियो । अहिले भने अनमोल आफूले लिएको पारिश्रमिकको आधा बजेट अर्थात् २५ लाखमा निर्माण हुने फिल्म 'बाटुलो जुन' अभिनय गर्ने भएका छन् । सनराइज पिक्चर्स प्रालिको नामबाट चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिइएको फिल्मको निर्माता जिया केसी हुन् ।

❒ वर्ष ३० ❒ अंक ३४३ ❒ २०८२ असार २४ गते मंगलबार 8 July 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा सवारी दुर्घटना : एक सय २४ जनाको मृत्यु

## सवारी कारवाहीबाट ३ करोड २१ लाख बढी राजश्वमा संकलन

**रामचन्द्र रायमाझी**

**तानसेन(पाल्पा),** असार २३ / पाल्पामा पछिल्लो तीन वर्षको अवधिमा एक सय २४ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् । आर्थिक वर्ष २०७८/०७९ देखि चालु आर्थिक वर्षको जेठ मसान्तसम्म उक्त मानवीय क्षति भएको हो ।

सो अवधिमा दुई सय ४३ सवारी दुर्घटनामा परेका थिए । ति दुर्घटनामा परी एक सय ८३ जना गम्भीर घाइते भएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रविन आचार्यले बताए । उनका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा मात्र जिल्लामा एक सय २ सवारी दुर्घटनामा भएका छन् भने, २४ जनाको मृत्यु भएको छ । जसमा २६ जना गम्भीर घाइते भएका छन् । आर्थिक वर्ष २०७८/०७९ मा ५१ सवारी दुर्घटनामा परी २५ जनाको मृत्यु भएको छ । सोही अवधिमा ५८ जना गम्भीर




घाइते भएका जिल्ला ट्राफिक कार्यालयले जनाएको छ । यस्तै आर्थिक वर्ष २०७९/०८० मा ४७ सवारी दुर्घटनामा ३९ जनाको ज्यान गएको र सोही अवधिमा ५५ जना गम्भीर घाइते भएका छन् । आर्थिक वर्ष २०८०/०८१ मा ४३ सवारी दुर्घटना भएका छन् । जसमा ३६ जनाको मृत्यु भएको छ भने ४४ जना गम्भीर घाइते छन् । सवारी दुर्घटना बढ्नुमा जीर्ण सडक, चालकको लापरवाही,तीव्र गति, सवारी साधनको अवस्था, मादक पदार्थ सेवन (मापसे) प्रमुख कारण रहेको ट्राफिक प्रहरी कार्यालयका प्रमुख आचार्य बताउन्छन् । "सडकमा सवारी चाप बढ्दै गएको छ तर सडकको मर्मतसम्भारका काम भने प्रभावकारी रुपमा हुन सकेको छैन । यसले सवारी दुर्घटना निम्त्याइरहेको छ,"उनले थपे, "यसबाहेक सबैजसो दुर्घटनाको अध्ययन गर्दा चालकको लापरवाही पनि मुख्य कारक देखिएको छ ।"

३ करोड २१ लाख बढी राजश्वमा संकलन

यहाँ आर्थक वर्ष २०७८/०७९ देखि चालु आर्थिक वर्षको जेठ मसान्तसम्मसवारी कारवाहीबाट ३ करोड २१ लाख ९० हजार ६ सय राजश्व सकलन भएको छ । यो अवधिमा ट्राफिक नियमको उल्लंघन गर्ने ५९ हजार ७ सय ५५ सवारी साधनलाई कारवाही गरिएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा ५ हजार ३ सय ३७ सवारी कारवाहीमा परेका छन् । जसबाट ६१ लाख ८४ हजार ६ सय ११ राजश्व संकलन भएको जिल्ला ट्राफिक कार्यालयले जनाएको छ । यस्तै आर्थिक वर्ष २०७८/०७९ मा १८ हजार ४ सय ६६ सवारी कारवाहीमा परेकामा १३ लाख ७१ हजार ५ सय राजश्व संकलन भएको छ । यस्तै आर्थिक वर्ष २०७९/०८० मा १९ हजार ८५ सवारी कारवाहीमा परेका छन् । जसबाट एक करोड ३३ लाख ७३ हजार राजश्व संकलन भएको छ । यस्तै आर्थिक वर्ष २०८०/८१ मा १६ हजार ८ सय ६७ सवारी कारवाहीमा परेकामा एक करोड १२ लाख ६१ हजार ५ सय राजश्व उठेको छ । ट्राफिक प्रहरीले राजस्व संकलनको कार्य मात्र नगरी सवारी दुर्घटना न्युनिकरण र यातायात तथा ट्राफिक नियमको पालनाको लागि सचेतनाको कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । उसले विद्यालय, कलेज, समुदाय र सवारी चालकहरुका लागि सचेतनाका कार्यक्रम गर्दै आएको पाइन्छ ।

### संक्षिप्त समाचार

## आँधीका कारण दुईको मृत्यु

(रासस/एएफपी)

**अमेरिका,** असार २३/ताइवानको पश्चिमी तटमा आँधी आउँदा दुई जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएको र करिब चार लाख घरपरिवार बिजुली विहीन भएको अधिकारीहरूले बताएका छन् । डानस नाम दिइएको आँधी दक्षिणपश्चिम ताइवानमा २२२ किलोमिटर प्रति घण्टा सम्मको विनाशकारी गतिमा अवतरण गरेको केन्द्रीय मौसम विज्ञान विज्ञागले जनाएको छ । चियाई काउन्टीमा आँधीले पहिलो पटक अवतरण गरेको मौसम पूर्वानुमानकर्ताले बताएका छन् । आँधी रातिको समयमा ताइवानको पश्चिमी तट नजिकै उत्तरतर्फ अघि बढी सोमबार ताइवानबाट बाहिरिको भएपनि भारी वर्षा जारी रहको जनाइएको छ । राष्ट्रिय दमकल निकाय (सेवा) का अनुसार आँधीका कारण कम्तीमा ४९१ जना घाइते भएका छन् । आँधीका कारण ताइवानमा बिजुली कटौती भएको छ र यसले करिब पाँच लाख घरपरिवारलाई असर गरेको छ । डानासले सप्ताहन्तमा दक्षिणी ताइवानमा ५०० मिलिमिटर भन्दा बढी वर्षा भएको मौसम विज्ञान विभागले जनाएको छ । आँधीका कारण करिब तीन हजार ५०० मानिसहरूलाई उनीहरूको घरबाट सुरक्षित स्थान तर्फ पठाएको अग्निनियन्त्रक अधिकारहरूले बताएका छन् ।

## प्रभु बैंक पाल्पा शाखाद्वारा विद्यालयलाई कार्पेट सहयोग



**पाल्पा,** असार २३ /प्रभु बैंक लिमिटेड पाल्पा शाखाले जिल्लाको एक विद्यालयलाई 'कार्पेट' सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत बगनासकालीस्थित श्री दर्लामडाँडा माध्यमिक विद्यालयलाई ४० मिटर कार्पेट नि:शुल्क सहयोग गरेको हो ।

बैंक शाखाका प्रशासन अधिकृत दर्शन शर्मा र बैंकका सम्बन्ध अधिकृत बसन्त कार्कीले विद्यालयका प्रध्यानाध्यापक दिल्लीराज गैरेलाई उक्त कार्पेट हस्तान्तरण गरेका हुन् । कार्पेट ग्रहण गर्दै विद्यालयका प्रध्यानाध्यापक गैरेले बैंकले विद्यालयप्रति देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको भन्दै बैंकलाई धन्यवाद दिए । बैंकद्वारा हस्तान्तरित कार्पेटले विद्यालयमा धुलो, चिसोबाट शिक्षक विद्यार्थीलाई जोगाउन सहयोग पुग्ने बैंकले विश्वास लिएको जनाएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहयोग उपलब्ध गराउँदै विभिन्न समाज उपयोगी कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउँदै आएको बैंकले आगामी दिनहरुमा आफ्नो सामाजिक क्रियाकलापलाई निरन्तरता दिने जनाएको छ ।

## पचास वर्षपछि जग्गाधनी पुर्जा



**लुम्बिनी,** असार २३/रुपन्देहीको कञ्चन गाउँपालिका-५, गरगरेका जेष्ठ नागरिक भानुभक्त पाध्या (पौडेल) बागलुङको बरेङबाट करिब ५० वर्षअघि परिवारसहित साविकको रुद्रपुर (हाल कञ्चन) गाउँपालिकामा बसाइँ सरेर आएका थिए । उनीसँगै सोही गाउँका करिब एक दर्जनभन्दा बढी परिवार तराई झरेका थिए ।

पाध्या साविकको बरेङ्गाउ पञ्चायतको प्रधानसमेत भए । गाउँमा सबैले प्रधान बा भनेर सम्मान गर्थे । आफू प्रधानपञ्च र त्यसैमाथि अन्य परिवारको पनि आश, तर बसाइँ भने ऐलानी जग्गामा । करिब ५० वर्षसम्म ऐलानी जग्गामा जोतभोग गरेँ ती परिवारले । हाल भने ती परिवारले ऐलानी जग्गा आफ्नै स्वामित्वमा भोगचलन गर्न पाएका छन् । पचास वर्षपछि ती परिवारले आफ्नौ नाममा जग्गाधनी पुर्जा पाएका छन् । स्थानीय एक विद्यालयका प्रधानाध्यापक रहेका बालकृष्ण पराजुलीले भने,"पाँच दशकसम्म जोतभोग गरेको जमिन उनीहरूको नाममा थिएन, त्यसले आयआर्जनका लागि बैंकिङ प्रक्रियामा समेत राख्न पाइएन । पुर्जा प्राप्त गरेसँगै प्रधानबासहितका परिवार जग्गाधनी भएका छन् ।"

*-बाँकी अीन्तम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## किसानका समस्यामा गम्भीर बन

**किसानहरू यति बेला खेतीपातीमा व्यस्त छन् । यो समय भनेको किसानहरुका लागि मानो छरेर मुरी उब्जाउने बेला हो । तर, तिनीहरू अनेकन समस्याको सामना गरिरहेका छन् । जुन समस्यातर्फ सरोकारवाला निकायको ध्यान पुग्नसकेको छैन । समयमा मल र बिउ नपाउनु किसानको विगतदेखिकै समस्या बनेको छ । किसानहरुले भोग्ने समस्या एक प्रकारका मात्रै हुँदैनन् । केही समस्या प्राकृतिक समेत छन् । समयमै पानी नपर्नु, अतिवृष्टि वा अनावृष्टिको मार, बाढी, पहिरो, असिना, हावाहुरी, वन्यजन्तुको आतंक जस्ता समस्या पनि किसानले वर्षौंदेखि भोग्दै आएका छन् । यस्ता समस्या कसैको नियन्त्रणमा नहुने भएकाले दोष थोपर्ने ठाउँ भने छैन । कतिपय अवस्थामा खेतीबालीमा लाग्ने रोगले पनि किसानलाई ठूलो घाटा पुऱ्याउने गर्छ । खेती सुरु गरेदेखि भित्र्याउँदासम्म किसानले लगातार यस्ता जोखिमको सामना गर्नुपर्छ । यस्ता प्राकृतिक समस्याबाट हुने क्षति नियतिको नाममा स्वीकार्नुबाहेक विकल्प हुँदैन ।**

**अहिले मुख्य समस्या भनेको खेतीका बेला बिउ, मल, विषादी र कृषिऔजार समयमै उपलब्ध नहुनु हो । यसले गर्दा खेती गर्नुपर्ने प्राकृतिक समय चुक्ने र उत्पादन घट्ने स्वाभाविकै हो । माटो मलिलो पार्न र बाली हुर्काउन विभिन्न प्रकारका मल चाहिन्छ, झारपात नष्ट गर्न विषादी आवश्यक पर्छ । यी सबै चिज समयमा नपाउँदा खेती प्रणाली नै प्रभावित मात्र हैन किसानहरु खेति गर्न समेत छोड्दै जाने अवस्था सिर्जना भएको छ । कृषि प्रधान देश भनेर चिनिने हाम्रा उर्वभूमिहरु बाँझिन पुगेका छन् । राज्यले देश अनुकुलताको नीति नबनाउँदा हरेक वर्ष किसानले समस्या भोग्दै आउनु परेको छ । यो अत्यन्त दु:खको कुरा हो । खेतीका लागि आवश्यक सबै सामग्री समयमै, सुलभ मूल्यमा उपलब्ध गराउनु प्राथमिकताको विषय हुनुपर्छ । तसर्थ सरकार र सरोकारवाला निकायले किसानका वास्तविक समस्यामा समाधानमा गम्भीर बन्न जरुरी छ ।**

### Opinion @ Social Network

जरूरी छैन सबैले मेरो महत्त्व बुझुन
तराजुले त केबल तौल नाप्छ गुणस्तर हैन ।
*(गोमा थापाको फेसबुक स्टाटस https://www.facebook.com/bk.Goma.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा उर्जाको विकास र सम्भाव्यता



कपिल लोहनी

नेपालमा जलविद्युतको विकासक्रम शुरु भएको ११५ वर्ष भइसकेको छ । तर यति लामो अवधिमा नेपालले यो क्षेत्रमा ज्यादै नगण्य प्रगति गरेको र निकै समयसम्म कछुवा कै गतिमा अघि बढेको थियो । पछिल्लो केही समयमा भने जलविद्युतको क्षेत्रमा नेपालले निकै ठूलो फड्को मार्न शुरु गरेको छ । खासगरी वि.सं. २०४० को दशकमा सरकारले निजी क्षेत्रलाई पनि विद्युत आयोजना विकास गर्ने अनुमति दिनुका साथै निजी क्षेत्रसँग विद्युत प्राधिकरणले उसले उत्पादन गरेको विद्युत खरिद गर्ने सम्झौता (पावर पर्चेज एग्रिमेन्ट) गरेर उत्पादित विद्युतको खरिदको प्रत्याभूति दिए पछि निजी क्षेत्रले बैंक तथा शेयरधनीहरूसँगबाट लगानी रकम उठाएर विभिन्न साना तथा मझौला जलविद्युत केन्द्रहरूको निर्माण गर्न शुरु गरेका हुन् । हाल मुलुकमा विद्युत उत्पादन गर्ने स्वदेशी र विदेशी धेरै कम्पनीहरू कार्यरत छन् । आज आएर करिव चार दशकको अनुभव पश्चात् निजी क्षेत्र र बाह्य लगानीसमेतले गर्दा मुलुकमा ठूला ठूला विद्युतीय आयोजनाको निर्माण हुन थालेको छ । मुलुकभित्रको विद्युत खपतमा पनि बृद्धि हुँदै जानाले र विशेषत: भारतसँगको विभिन्न पटकको विद्युत खरिद सम्झौताको कारण जलस्रोत क्षेत्रले अघि बढ्ने ठूलो अवसर पाएको छ ।

मुलकमा उत्पादित विद्युत मुलुकभित्रै खपत हुनाले एकातर्फ जनताको जीवनको गुणस्तर बढ्दै गएको छ भने अर्कोतर्फ उद्योग-धन्दाले पनि नियमित उर्जाको उपभोग गर्न पाएकोले उद्यमीहरू उत्साहित हुन पुगेका छन् । तर विभिन्न बहानामा विद्युतको महसुल तिर्न ढिलो गर्ने र सधैं जरिवाना मिनाहा हुनु पर्ने माग गरि राख्ने ठूला उपभोक्तालाई भने उचित नियममा बाँधेर कतैबाट पनि हस्तक्षेप भएर त्यस्ता असुल उपर हुनु पर्ने रकमलाई रोक्न नसकिने दह्रो र दीर्घकालीन प्रणाली र कानुनको नै विकास गर्नु पर्ने भएको छ । विदेशमा विद्युत बिक्री गर्न हामीसँग ज्यादै सीमित विदेशी ग्राहक भएकाले यसमा आपसी समझदारी गरेर खरिद-बिक्री गर्ने बाहेक अन्य विकल्प छैन । नेपालमा विजुली उत्पादन गरेर भारतमा बिक्री गर्ने सोचको विकास राणाशासनको अन्तको समयदेखि नै उब्जेको हो । त्यतिबेला नेपाल भ्रमणमा आएको अमेरिकी मिसनलेसमेत राणाशासकहरूसँग नेपालले भारतमा उर्जा निर्यात गर्न सक्ने सम्भावना रहेको बारे कुरा गरेको थियो । पछि थुप्रै स्वदेशी तथा विदेशी विद्वान र संस्थाहरूले यो बारे कुरा उठाएका थिए । तर त्यतिबेला न नेपालले प्रचुर मात्रामा विद्युत उत्पादन गरेर भारतलाई बिक्री गर्ने परिकल्पना वा सिधा अर्थमा हिम्मत गरेको थियो, न नेपालभित्रै विद्युतको ठूलो खपत हुने अवस्था थियो । भन्नै पर्दा भारतमा पनि त्यतिबेलासम्म आफ्नै उत्पादनले धानेको थियो । केही दशक अघिसम्म नेपालमा यातायातका साधनहरू निकै कम यानी केही हजार मात्र थिए भने हाल आएर यो संख्या बढेर लाखौंमा पुगेको छ । यानी सानो मुलुकमा यो संख्या अति नै बढी भएको हो । त्यस्तै पहिले पहिले बत्ती बाल्ने र रेडियो-क्यासेट सुन्ने जस्ता सानातिना घरायसी प्रयोजनमा मात्र विद्युतको उपभोग हुने गरेकोमा हिजोआज घरघरमा एयरकण्डिशनर, फ्रिज, पंखा, कम्प्युटर, टेलिभिजन तथा अन्य विद्युतीय उपकरणहरू र विद्युतीय सवारी साधन चार्ज गर्ने जस्ता काम पनि हुने गरेको छ । हाल नेपालले यातायात र अन्य प्रयोजनको निम्ति ठूलो परिमाणमा पेट्रोलियम पदार्थ आयात गरिरहेको छ। विद्युतको विकाससँगै यस्तो आयात प्रतिस्थापन गर्ने गरी मुलुकभित्र विद्युत सहज ढंगले आपूर्ति गर्न सकेमा देशले ठूलो परिमाणमा विदेशी मुद्राको सञ्चिति गर्न सक्ने थियो । नेपालमा हालै प्राकृतिक ग्यास भेटिएको, केही मात्रामा सौर्य उर्जा, वायो उर्जा तथा वायु उर्जाको पनि विकास हुँदै गएकोले उचित तवरले उर्जाको व्यवस्थापन गर्न सकेमा नेपालको भविश्य उज्ज्वल नै छ । यो बारेमा हामी आउँदा अंकमा विस्तृत कुराकानी गर्ने नै छौं । जलविद्युतको विकासको अर्थशास्त्र निकै वृहत् हुन्छ । सबैभन्दा पहिलो कुरा त यो क्षेत्रको विकासको निम्ति ठूलो लगानीको आवश्यकता पर्दछ । यो सँगै विद्युतको माग, आपूर्ति गर्ने प्रसारण लाइनको निर्माणमा लगानी, विद्युतको अधिकतम खपतका उपायहरू अवलम्बन गर्ने सोच, तरिका, विस्तृत वातावरणीय प्रभाव अध्ययन र कम्तीमा पनि ५०-६० वर्षसम्म विद्युत आयोजनाको निम्ति निरन्तर रूपमा आवश्यक पर्ने पानीको स्रोतको ग्यारेन्टी र आयोजना स्थलसम्मको प्रवेशमार्ग निर्माण आदि जस्ता धेरै अहम् विषयहरू पर्दछन् । रिजर्भोयर प्रकृतिको आयोजनाको निम्ति बाँध बनाएर पानी जमाउनको लागि विशाल भूक्षेत्र खाली गराउनु पर्ने आवश्यकता, यसको निम्ति वृहत् पुनर्वास कार्यक्रम, नदीहरूबाट बालुवा र ढुंगा बगेर बाँध क्षेत्रमा जम्ने (सिल्टिङ) खतराको समाधानका उपाय आदि समेत अवलम्बन गर्न सक्नु पर्दछ । यी सब कारणले गर्दा पनि नेपालको त्यतिबेलाको निकै सानो अर्थतन्त्र र प्राविधिक ज्ञान तथा विजुलीको निकै सानो बजारले गर्दा नेपालले वृहत् रूपमा विद्युतको विकास गर्ने आँट गर्न सकेको थिएन । नेपालको त्यतिबेलाको माग र आर्थिक स्थितिलाई हेरेर दातृ राष्ट्रहरूले पनि लघु तथा साना जलविद्युत आयोजनामा जोड दिन सुझाएका थिए। यसो गर्नाले जहाँ विद्युतको बढी आवश्यकता छ, त्यहाँ सोही परिमाणको विद्युत आयोजना निर्माण गरि बिजुली उत्पादन गरेर वितरण गर्न सजिलो पर्दथ्यो । ठूला आयोजनाको विद्युतलाई महँगा प्रसारण लाइनमार्फत कम जनसंख्या भएका र खासगरी पहाडी क्षेत्रमा फैलिएर रहेका घरमा पुऱ्याउन असहज र महँगो पनि पर्दछ । नेपालसँग सिमाना जोडिएका दुई वटै छिमेकी मुलुक भारत र चीन क्षेत्रफल र जनसंख्याको हिसाबले तथा अर्थतन्त्रको आकारको हिसाबले पनि ज्यादै विशाल छन् । उनीहरूको विकासको वृद्धिदर पनि उच्च छ भने दुवै मुलुक ज्यादै शक्तिशाली र पुरै विश्वलाई प्रभाव पार्न सक्ने खालका छन् । उनीहरूको अर्थतन्त्रको बढ्दो आकारले गर्दा भारत र चीन दुवै राष्ट्रको उर्जाको माग बढ्दै गएको छ । यी शक्ति राष्ट्रहरूले उत्पादन गरेको उर्जाले उनीहरूको अर्थतन्त्रलाई धान्न वा वृद्धि गर्न निकै कठीन पर्दछ। त्यसैले पनि यी दुवै राष्ट्रहरू नेपालमा उत्पादित जलविद्युत तथा अन्य वैकल्पिक उर्जाका बजार हुन् । वि.सं. २०७० को शुरुदेखि भारतमा विद्युत बिक्री गर्न थालेको हो नेपालले । केही वर्ष अघिदेखि त भारतको इनर्जी एक्सचेन्ज मार्केटमार्फत बजार मूल्यमा हुने घटबढलाई समायोजन गर्दै व्यावसायिक रूपमा नै विद्युतको कारोवार गर्न शुरु भएको छ । सुख्खायाममा भने नेपालतर्फ पनि यही माध्यमबाट विद्युत आयात हुने गर्दछ । बंगलादेशलाई विद्युत बिक्री गर्ने सोचको विकासपनि केही समय अघिदेखि भएको र हाल ४० मेगावाट बिजुली नेपालले बंगलादेशलाई बिक्री गर्न थालेको छ । अर्कै मुलुक भएर अन्य मुलुकमा विद्युत निर्यात गर्ने परिपाटीको विकासपनि विश्वमा नै नेपाल, भारत र बंगलादेशको उदाहरणीय आपसी सम्झौताले गरेको छ । यसरी केही हदसम्म विद्युत व्यापारको थालनीसमेत भएकोले यो विषयलाई निकै अध्ययन र आपसी छलफल तथा समझदारीमार्फत् दीगो व्यावसायिक रूपमा चलिरहने बनाउनु जरुरी हुन्छ । एक व्यावहारिक र उदाहरणीय आधिकारिक मापदण्डीय प्रकृयाको विकास तथा यसको पालना सबै सरोकारवाला पक्षबाट हुने प्रणालीको सिर्जनासमेत गर्नु पर्दछ । यस्तै कुराहरूलाई टुंगो लगाउँदै जान त्रिदेशीय प्रसारण लाइन निर्माणको खाका बनाउने कामदेखि नेपाल र भारतबीच विद्युत आयात र निर्यातलाई सहज बनाउने बारे छलफल गरेर सहमतिमा पुग्ने हेतुले केही समयदेखि नेपाल र भारतका जलस्रोत अधिकारीहरूको छलफल नेपाल र भारतमा भइरहेको छ । हाम्रो उत्तरी छिमेकी राष्ट्र चीनमा विद्युत निर्यातको निम्ति पनि यस्तै मापदण्ड र प्रणालीको विकास गरेर आवश्यक प्रसारण लाइनकोसमेत निर्माण छिटो सम्पन्न गर्नु पर्ने हुन्छ । चीनसँग विद्युत व्यापार गर्ने हेतुले नै हाल उत्तरी प्रसारण लाइनको निर्माण पनि भइ नै रहेको छ । नेपालसँग जोडिएका तथा पश्चिमी चीनका प्रान्तहरूमा चीनका विकसित क्षेत्रबाट विद्युत आपूर्ति गर्न महँगो र कठिन पर्ने भएकोले त्यस्ता क्षेत्रको निम्ति नेपालमा उत्पादित विद्युत आयात गर्दा चीनलाई सहज हुन जान्छ । चीन आफैं पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासको ठूलो उत्पादक र विद्युतीय उर्जा उत्पादनमा पनि अग्रणी मुलुक भए पनि उसको पश्चिमी क्षेत्रको मरुभूमिमा रहेका प्रदेशहरूमा सहज रूपमा उर्जा आपुर्ति गर्न हाल चीनले रुसबाट प्राकृतिक ग्यास आयात गर्न शुरु गरेको छ । केही समय अघिसम्म भारतसँग विद्युत खरिद गर्नु पर्ने अवस्थामा हाल आएर क्रमिक रूपमा सुधार हुँदै गएको छ । यसो हुनुमा नेपालमा हाल प्रत्येक वर्ष नयाँ नयाँ आयोजनाहो निर्माण सम्पन्न भएर केही हदसम्म बिजुली छेलोखेलो हुने अवस्थाको थालनी हुनु नै प्रमुख कारण बनेको छ । तर विभिन्न विकट क्षेत्रमा उत्पादित बिजुलीलाई ढुवानी गर्ने प्रसारण लाइन ठीक समयमा बन्न सकेनन् भने उत्पादित विद्युत खेर जाने अवस्था पनि आउन सक्दछ । हाल आएर सुख्खायाममा बाहेक भारतमा निरन्तर रूपमा विद्युत निर्यात गर्न सक्ने अवस्थाको सिर्जना हुन थालेको छ र आउँदा दिनमा उत्पादन हुने विद्युतको ठूलो अंश भारतमा निर्यात गर्ने लक्ष्य पनि नेपालले लिएको छ । हाल नेपालमा ३,५०० मेगावाट विद्युत उत्पादन हुने गरेको छ, जसमध्ये एउटा निकै सानो अंश सौर्य उर्जाको पनि छ । तर नेपालको भौगोलिक वनोट र घाम र हावाको प्रकृतिलाई विचार गर्दा नेपालले सौर्य र वायु उर्जाको क्षेत्रमा पनि निकै विकास गर्न सक्ने देखिन्छ ।

सौर्य उर्जाको व्यावसायिक उत्पादनमा पनि विगत केही वर्षदेखि नेपाल सफल हुँदै गएको छ । मुलुकका विभिन्न भागमा सौर्य उर्जाबाट विद्युत उत्पादन गर्ने आयोजनाहरू सञ्चालन हुँदै आएका छन् । तर वायु उर्जाको क्षेत्रमा भने सम्भाव्यता भएर पनि प्राविधिक कारणले गर्दा त्यति धेरै उल्लेखनीय प्रगति भइसकेको छैन । आजसम्मको जलविद्युतको विकासले त मुलुकमा एक प्रकारको उत्साहदेखि उज्यालो समेत छाएको छ र मुलुकभित्रको स्थल यात्राको दौरान ठूला-साना प्रसारण लाइनहरू ठडिएको दृश्य देख्दा मनमा एक प्रकारको आनन्दको अनुभूति हुन्छ भने नेपालमा योभन्दा निकै दोव्वर बढी जलविद्युत आयोजनाहरूको विकास भएपछि नेपालीको मन कति प्रफुल्लित हुन्छ होला ! हुन पनि एक दशक अघिसम्म नेपाल चरम लोडसेडिङको चपेटाबाट गुज्रिरहेकोमा हाल आएर लोडसेडिङको अवस्था नगण्य हुँदै गएको छ। तर एकातर्फ एक दशकभित्र नेपालले अझ बढी विद्युत उत्पादन गर्ने लक्ष्य लिएकोमा भर्खरै बामे सर्ने बेलाको विद्युत विकासमा नै सरकार र अन्य पक्षको राजनीतिक दाउपेच तथा भ्रष्ट आचरण हाबी हुँदै गएका खवरहरू पढ्दा र यो क्षेत्रका केही असल र जानकार व्यक्तिहरूलाई पाखा लगाएको र आर्थिक हिनामिनामा निकै अभिवृद्धि भएको देख्दा जनमानसमा निराशा पनि छाएको छ । नेपाल जस्तो राजनीतिक र प्रशासनिक अराजकता भएको मुलुकले सुँदै जान सकेन भने कसरी यो अथाह विद्युतीय विकासको रसस्वादन गरेर मुलुकलाई समृद्ध बनाउन सकिएला खै !

*-डिसी नेपनल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। शुभचिन्तकहरूसँग सल्लाह लिनुहोस। | **तुला** : शिक्षाको क्षेत्रमा अवसर मिल्ला। निर्णयहरूमा परिवारसँग सल्लाह लिनुहोस्। |
| **वृष** : दाम्पत्य जीवन सुमधुर रहनेछ। पन्छाएर कार्यसम्पादन गर्न सकिनेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा जिम्मेवारी प्राप्त हुनेछ।कार्यबाट आफूलाई चिनाउन सक्नुहुनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा राम्रो सफलता मिल्नेछ। बुजुर्गहरूको स्वास्थ्यमा ध्यान दिनुहोला। | **धनु** : शैक्षिक रोजगारमा सफलता मिल्नेछ। सामाजिक सञ्जालमा सक्रियता बढ्नेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा थप उत्साह जाग्नेछ। मनपर्दो खानपान र पहिरनले मन रमाउनेछ। | **मकर** : कार्य गर्नुहोस् व्यापार व्यवसाय मनज्ञ लाभ आर्जन हुनेछ। |
| **सिंह** : नकारात्मक सोचलाई त्यागनुहोस्। आफ्नो मनपरेको कार्यमा समय दिन पाइनेछ। | **कुम्भ** : गरिएको यात्रा लाभदायी रहनेछ। कार्यक्षेत्रमा सहयोगीहरूबाट सहयोग पाइनेछ। |
| **कन्या** : व्यवसायमा थप उत्साह जाग्नेछ। प्रभावशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **मीन** : धार्मिक कार्यहरूमा रुचि बढ्नेछ। रोकिएका कार्यहरू बन्नेछन्। |

## विज्ञान/सूचना प्रविधि

# वर्षायाममा स्मार्टफोन जोगाउने १० टिप्स

वर्षाको मौसम चलिरहेको छ । त्यसैले यस्तो बेला अफिस वा बाहिर जाँदा अचानक पानी पर्न सक्छ । पानी परेको बेला भिजेको हातले मोबाइल प्रयोग गर्नु केवल कठिन मात्र होइन, खतरनाक पनि हुन सक्छ । त्यसोभए वर्षाको मौसममा आफ्नो स्मार्टफोनलाई कसरी सुरक्षित राख्ने त ? यी हुन् १० टिप्स :

**१. वाटरप्रुफ कभर वा केस प्रयोग गर्नुहोस् :** वर्षा याममा फोन सुरक्षित राख्न सबैभन्दा प्रभावकारी उपाय हो- राम्रो गुणस्तरीय तथा वाटरप्रुफ अर्थात् पानी नछिर्ने मोबाइलको खोल प्रयोग गर्नु । बजारमा फोनको मोडल अनुसार विभिन्न वाटरप्रुफ फोन कभरहरू उपलब्ध छन्, जसले पानी, हिलो, धुलो आदिबाट फोनलाई बचाउँछ ।

**२. प्लास्टिकको थैली वा जिप-लक ब्याग प्रयोग गर्नुहोस् :** यदि तपाईं आफ्नो फोनलाई पानीबाट जोगाउने सस्तो र छिटो उपाय खोज्दै हुनुहुन्छ भने पारदर्शी प्लास्टिकको जिप-लक ब्यागभित्र फोनलाई सुरक्षित राख्न सक्नुहुन्छ। फोनमा यदि वाटरप्रुफ कभर छैन भने त्यस्तो बेला प्लास्टिकको थैली वा जिप लक ब्याग उपयोगी हुन्छ । फोनलाई प्लास्टिकको थैलीभित्र राखेरै पनि स्क्रिन चलाउन सकिन्छ ।

**३.ब्लुटुथ हेडफोन वा इयरफोनको प्रयोग गर्नुहोस् :** बाहिर वर्षा परिरहेको बेला फोनलाई हातमा निकालेर कुरा गर्दा फोनमा पानी पर्ने र भिज्ने जोखिम हुन्छ । यस्तो अवस्थामा ब्लुटुथ हेडसेट वा इयरफोन प्रयोग गर्नु बुद्धिमानी हुनेछ । यसो गर्दा फोन गोजी वा ब्यागबाट बाट झिक्नु पर्दैन र त्यो पानीले भिज्ने डर पनि हुँदैन ।

**४. फोनलाई झोला वा ज्याकेटको सुरक्षित भागमा राख्नुहोस् :** यदि तपाईंसँग छाता वा कुनै ओत छैन र वर्षातको पानीमा भिज्नुपर्नेछ भने त्यस्तो बेला आफ्नो पाइन्टको खल्तीमा फोन राख्दा फोनभित्र पानी छिर्न सक्दछ । यस्तोमा फोनलाई वाटरप्रुफ झोला वा रेनकोट/ज्याकेटको भित्री खल्तीमा राख्नुपर्छ, जहाँ पानी जान सक्ने सम्भावना कम हुन्छ ।



**५.राम्रो गुणस्तरको स्क्रिन प्रोटेक्टर लगाउनुहोस् :** फोनको टचस्क्रिनमा पानी लाग्दा त्यसले काम नगर्न सक्छ वा खराब हुन सक्छ । स्क्रिन सुरक्षित राख्न टेम्पर्ड ग्लास वा स्क्रिन प्रोटेक्टर लगाउनुहोस्। यसले स्क्रिनमा सिधा असर नपुग्ने बनाउँछ र स्क्रयाच वा पानीका थोपाबाट जोगाउँछ ।

**६.फोन भिजेमा तुरुन्त स्विच अफ गर्नुहोस् :** यदि कुनै कारणवश तपाईंको फोन पानीमा भिज्यो भने तुरुन्तै स्विच अफ गर्नुहोस् । फोन चालु हुँदा भित्र पानी पस्यो भने सर्ट सर्किट हुने जोखिम अत्यधिक हुन्छ, जसले फोन पूर्णरूपमा नष्ट हुन सक्छ । स्विच अफ गरेपछि फोनलाई हल्का कपडाले पुछ्नुहोस् र सुकाउने प्रक्रिया सुरु गर्नुहोस् ।

**७.फोनलाई चामल वा सिलिका जेलमा राख्नुहोस् :** भिजेको फोनलाई सुकाउनको लागि सबैभन्दा लोकप्रिय घरेलु उपाय हो-चामलको बट्टामा घुसाएर राख्ने । चामलले फोनको आद्र्ता सोस्ने भएकाले फोनभित्रको पानीलाई हटाउन सहयोग पुर्याउँछ । साथै यदि तपाईंसँग सिलिका जेलको प्याकेट (जो नयाँ जुत्ता वा झोलामा आउने गर्छ) छ भने, त्यसमा फोन राख्दा अझ प्रभावकारी रूपमा फोनलाई सुख्खा बनाउने काम गर्दछ ।

**८.फोन सुख्खा नहुँदासम्म चार्ज नगर्नुहोस् :** फोन भिजेको अवस्थामा त्यसलाई तुरुन्त चार्ज गर्नु धेरै खतरनाक हुन्छ । पानीले फोनको चार्जिङ पोर्टमा असर पुर्याएको हुन सक्छ, जसले गर्दा चार्ज गर्दा सर्ट सर्किट हुन सक्छ । फोन पूरै सुकिसकेको तथा हावा वा पंखाको सहयोगले राम्रोसँग सुकाइसकेको अवस्थामा मात्र चार्ज गर्नुहोस् ।

**९.महत्वपूर्ण डाटा क्लाउडमा ब्याकअप राख्नुहोस् :** वर्षायाममा फोन हराउने वा बिग्रिने सम्भावना बढी हुन्छ । यस्तोमा तपाईंको फोटो, भिडियो, कागजात जस्ता महत्वपूर्ण फाइलहरू नष्ट हुनसक्ने खतरा हुन्छ । त्यसैले न्ययनभि म्चष्खभ, ष्क्ष्यिगम, इलभम्चष्खभ आदि जस्ता क्लाउड सेवा प्रयोग गरेर तपाईंले आफ्नो फोनका डाटाको नियमित ब्याकअप राख्नुपर्छ । यसले फोन हराए पनि तपाईंको डाटा सुरक्षित रहन्छ ।

**१०. फोनको बीमा तथा वारेन्टी :** फोन खरिद गर्दा बिक्रेतासँग त्यसको विमा तथा वारेन्टीका बारेमा बुझ्नुहोस् र त्यो एकीन गरी त्यस्तो सुविधा भएमा लिन नभुल्नुहोस् । यसो गर्नुभयो भने तपाईंको फोन भिज्ने, बिग्रिने वा चोरी हुने अवस्थामा तपाईंलाई आर्थिक राहत प्राप्त हुन्छ ।

*-अनलाइन खबर डटकम*

# १६ अर्ब पासवर्ड र लगइन डाटा चुहावट

साइबर सुरक्षाको क्षेत्रमा एउटा झस्काउने खुलासा भएको छ- हालै अनुसन्धानकर्ताहरूले १६ अर्बभन्दा धेरै पासवर्ड र लगइन विवरण चुहिएको पुष्टि गरेका छन् । फोर्ब्स डटकममा छापिएको एउटा समाचार अनुसार यसमा विश्वका प्रमुख प्रविधि कम्पनीका सामाजिक सञ्जाल, भीपीएन, डेभलपर पोर्टल र अन्य युजर अकाउन्टहरूको लगइन डाटा समावेश छन् । यसबारे अनुसन्धानकर्ता भिलियस पेटकाउसकसका अनुसार, ३० वटा छुट्टाछुट्टै डाटासेट फेला परेका छन् । जसमा हरेकमा दशौं लाखदेखि ३.५ अर्बसम्मका डाटा छन् । यो अहिलेसम्मकै सबैभन्दा ठूलो पासवर्ड चुहावट हो भन्नेमा उनीहरूको विश्वास छ । 'यो केवल पुराना ह्याक भएका डाटाको दोहोरो प्रयोग होइन,' अनुसन्धानकर्ताहरू भन्छन्, 'यो नयाँ, ठूलो मात्रामा प्रयोग गर्न सकिने संवेदनशील जानकारी हो ।' उनीहरूले यो केवल लिक मात्र नभइ सामूहिक साइबर आक्रमणको लागि ब्लूप्रिन्ट समेत भएको बताएका छन् । यसअघि मे २३ मा प्रकाशित रिपोर्टमा १८ करोड ४० लाख पासवर्ड चुहिएको पुष्टि गरिएको थियो । त्यो खबर आफैंमा




डरलाग्दो थियो, तर अहिलेको खुलासाले त्यो संख्या धेरै गुणा पार गरेको छ । जानकारहरुका अनुसार यी सबै पासवर्डहरू इनफोस्टिलर नामक ह्याकर ग्रुपहरूले चोरी गरेको आशंका गरिएको छ । पासवर्ड चोरी भनेको तपाईंको व्यक्तिगत डेटा र गोपनीयता खतरामा हुनु हो । यस्तो डाटा बिक्रीका लागि डार्क वेबमा खुलेआम राखिएको हुन्छ । ह्याकरहरूले यी पासवर्डको प्रयोग गरेर तपाईंका बैंक अकाउन्ट, सामाजिक सञ्जाल र कामसँग सम्बन्धित खाताहरूमा पहुँच प्राप्त गर्न सक्ने खतरा हुन्छ ।

**अब के गर्न सकिन्छ ?**

पुराना पासवर्ड तुरुन्त परिवर्तन गर्नुहोस् । सकेसम्म दुई तहको प्रमाणीकरण प्रयोग गर्नुहोस् । पासवर्ड म्यानेजर प्रयोग गरेर बलियो र फरक पासवर्ड बनाउनुहोस् । अपरिचित लिंक वा एमएमएसमा नथिच्नुहोस् ।

*-रातोपाटी डटकम*

# चन्द्रमामा आणविक पावर प्लान्ट निर्माण



रुसले चन्द्रमामा आणविक पावर प्लान्ट निर्माण गर्न चीनसँग सम्झौता गरेको छ । यो आणविक रिएक्टरले चीन र रुसले संयुक्त रूपमा नेतृत्व गरिरहेको अन्तर्राष्ट्रिय चन्द्रमा अनुसन्धान केन्द्रलाई ऊर्जा प्रदान गर्नेछ । यो २०३६ सम्ममा पूरा हुने अपेक्षा छ ।

दुई देशले हस्ताक्षर गरेको सहयोग सम्झौतामा यो विषय रहेको याहु न्युजले उल्लेख गरेको छ । यो घोषणा नासाले २०२६ को बजेट प्रस्ताव सार्वजनिक गरेको केही समयपछि आएको हो । योसँगै चन्द्रमावरिपरि कक्षीय आधार निर्माण गर्ने नासाको योजना रद्द हुने समाचारमा उल्लेख छ । रुसी राज्य-नियन्त्रित समाचार संस्था टासमा सन् २०२४मा रुसी अन्तरिक्ष एजेन्सी रोस्कोसमोसका महानिर्देशक युरी बोरिसोवको अन्तर्वार्ता प्रकाशित थियो । उनका अनुसार चीन-रुसको यो रिएक्टर निर्माण कार्य मानवरहित स्वायत्त रूपमा सम्पन्न गरिनेछ । यसलाई कसरी सम्पन्न गर्ने भन्ने विवरण अहिले स्पष्ट भएको छैन । तर बोरिसोवले प्राविधिक कदम लगभग तयारी अवस्थामा रहेको बताएका थिए । रोस्कोसमोसले मे ८मा उक्त सम्झौतामा हस्ताक्षरपछि गरेको घोषणामा भनेको छ, "यो केन्द्रले मौलिक अन्तरिक्ष अनुसन्धान गर्नेछ र अन्तर्राष्ट्रिय चन्द्रमा अनुसन्धान केन्द्रको दीर्घकालीन मानवरहित सञ्चालनका निम्ति प्रविधि परीक्षण गर्ने तथा चन्द्रमामा मानिसहरूको उपस्थितिको सम्भावना बढाउनेछ ।" नयाँ अनुसन्धान केन्द्रले इजिप्ट, पाकिस्तान, भेनेजुएला, थाइल्यान्ड र दक्षिण अफ्रिकासहित अहिलेसम्म १७ देशलाई आकर्षित गरेको छ । यसको आधारभूत काम चीनको २०२८को चाँगई-८ मिसनले गर्ने बताइएको छ । यस अनुसार चीनले पहिलोपटक चन्द्रमा सतहमा अन्तरिक्षयात्री उतार्नेछ । अन्तर्राष्ट्रिय चन्द्रमा अनुसन्धान केन्द्रको रोडम्याप पहिलोपटक सन् २०२१ जुनमा सार्वजनिक गरिएको थियो । जसमा चीन र रुसले २०३० देखि २०३५ सम्म पाँचवटा सुपर हेभी-लिफ्ट रकेट प्रक्षेपण गरेर रोबोटिक चन्द्र आधारका टुक्रा पठाउने घोषणा गरेका थिए । चीनको यो अन्वेषण परियोजनाका प्रमुख डिजाइनर वु यानहुआले सन् २०२४ मा राज्य-सञ्चार माध्यम सिन्ह्वालाई दिएको अन्तर्वार्तामा भनेका छन्, "एक आधारभूत कुरा स्थापित भएपछि, चीनले थप प्रक्षेपण गर्ने योजना छ, जसले यो आधारलाई विस्तार गर्नेछ । यसलाई चन्द्रमावरिपरि कक्षीय अन्तरिक्ष केन्द्र, चन्द्रमा विषुवत् रेखा र यसको टाढाको पट्टि दुई नोडहरूसँग जोड्नेछ ।" मंगल ग्रहमा मानवयुक्त अवतरणको आधार तयार गर्दै यो विस्तारित मोडेल सन् २०५० सम्ममा पूरा हुने समाचारमा बताइएको छ । वुले भने, "यसले सौर्य, रेडियो आइसोटोप र आणविक जेनरेटरहरूद्वारा ऊर्जा प्राप्त गर्नेछ । यसमा चन्द्र-पृथ्वी र उच्च गतिको चन्द्र सतह सञ्चार नेटवर्क, साथै हपर, मानवरहित लामो दूरीको गाडी र दबाबयुक्त र दबाबरहित मानवयुक्त रोभरजस्ता चन्द्रवाहन समावेश हुनेछन् ।"

*-बाह्रखरी डटकम*

# फलोअर घट्दा श्रीमान श्रीमतीबीच भयंकर झगडा




आज सामाजिक सञ्जाल मानिसहरूको जीवनको एक हिस्सा मात्र बनेको छैन, तर धेरै पटक यो सम्बन्धको लागि चुनौतीको रूपमा पनि देखा परिरहेको छ । उत्तर प्रदेशको हापुरको घटना यसको हालसालैको उदाहरण हो । यहाँ, एक महिलाको उनका इन्स्टाग्राम फलोअर्स घटेपछि आफ्नो पतिसँगको झगडा यति बढ्यो कि यो कुरा महिला प्रहरी चौकीसम्म पुग्यो । यो घटना जति अनौठो छ त्यति नै गम्भीर पनि छ । ग्रेटर नोएडामा बस्ने एक युवक र पिलखुवामा बस्ने उनकी श्रीमतीबीच सामाजिक सञ्जाललाई लिएर दैनिक झगडा हुन्थ्यो । श्रीमती सामाजिक सञ्जालमा सक्रिय छिन् र हरेक दिन दुईवटा रिल बनाउँछिन् र आफ्नो खातामा पोस्ट गर्छिन् । यसकै कारण उनी घरको काममा ध्यान दिँदिनन् र जब पनि फलोअर्सको संख्या घट्छ, उनी झगडा गर्छिन् भन्ने श्रीमानको आरोप छ । श्रीमानले महिला प्रहरी चौकीमा दिएको उजुरीमा यस विषयमा धेरै पटक बहस भएको र दुई पटक सम्झौता पनि भएको बताएका छन्। तर अब श्रीमतीले उनीसँग घरमा बस्न अस्वीकार गर्दै आफ्ना माइती गइन् । युवकले अन्ततः महिला प्रहरी चौकी हापुरमा यस विषयमा उजुरी दर्ता गराए । महिला थाना इन्चार्ज इन्स्पेक्टर अरुणा राईले दुवै पक्षलाई प्रहरी चौकीमा बोलाएर चार घण्टासम्म परामर्श दिइन् । जब श्रीमतीसँग कुरा गरियो, उनले भनिन् - उनका श्रीमानको आदेशमा उनले भान्सामा गएर भाँडाकुँडा धुनुपरेको थियो, जसका कारण उनका दुई रिल पोस्ट गर्न सकिएन र दुई जना फलोअर्स घटे । यसले उनलाई धेरै दुःखी बनायो र उनी रिसाउँदै आफ्नो माइती गइन् । महिला प्रहरी चौकी इन्चार्जले दुवैलाई सामाजिक सञ्जाल जीवनको एक हिस्सा हुन सक्छ, तर यो जीवनको आधार हुन सक्दैन भनेर बुझाइन् । इन्स्पेक्टर अरुणा राईले महिलालाई परिवार, समाज र व्यक्तिगत जिम्मेवारीको महत्त्व बुझाइन् र वास्तविक जीवनमा सन्तुलन कायम राख्नु कति महत्त्वपूर्ण छ भनेर बताइन् । लगभग चार घण्टाको परामर्श पछि, पति र पत्नी सम्झौतामा पुगे र दुवै सँगै बस्न सहमत भए ।

*-डिसी नेपाल डटकम*

# भैरवनाथ मन्दिर समिति प्रकरण : पोखरेलको पक्षमा उच्च अदालतलद्वारा रिट जारी



**हाम्रा संवाददाता ————**
**पाल्पा,** असार २३/भैरवनाथ मन्दिर व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष गोविन्दबहादुर पोखरेलको पक्षमा उच्च अदालत तुलसीपुर बुटवलबाट रिट जारी भएको छ । रिब्दीकोट गाउँपालिका-४ ले मन्दिर व्यवस्थापन समिति गठन ऐनविपरीत गरेको देखाएर परेको निवेदनमा उच्चबाट रिट जारी भएको हो ।

निवेदनमा उच्चका न्यायाधीशद्वय जगतबहादुर थापा र पुण्यशिला दवाडी घिमिरेको संयुक्त इजलासले सोमबार रिट जारी गरेको अधिवक्ता बाबुराम पाण्डेले बताए । उच्च अदालतले निवेदककै पक्षमा रिट जारी गरेकाले अब नयाँ समिति गठन प्रक्रियाको बाटो खुलेको छ । निवेदक पोखरेलले वडा अध्यक्ष सोमबहादुर कार्की, मालपोत कार्यालय पाल्पा, गुठी संस्थान प्रधान कार्यालय, दिलिप रायमाझी र गठीत मन्दिर व्यवस्थापन समितिलाई विपक्षी बनाएर उच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । सोमबार रिट जारी भएपनि संक्षिप्त आदेश नआएको कारण फैसलामा के कुरा उल्लेख भएको छ भन्ने स्पष्ट छैन । यद्यपि निवेदककै पक्षमा रिट जारी भएकाले अब कानुनी प्रक्रिया पूरा गरेर नयाँ समिति गठन गर्ने बाटो भने खुलेको छ । उच्चले जेठ ७ गते २०८१/०७/२७ मा दिलिप रायमाझी अध्यक्ष भई गठन गरिएको समिति कानुन अनुसार नभएकाले सो समितिको काम कारवाहीमा रोक लगाउनु पर्ने भन्दै अन्तरिम आदेश जारी गरेको थियो । निवेदकको तर्फबाट अधिवक्ताहरु बाबुराम पाण्डे, हिमलाल न्यौपाने,तुलसीराम ढकाल र नारायण प्रसाद ज्ञवालीले बहस गरेका थिए ।

निवेदक पोखरेल नेतृत्वमा रहेको समितिको २०८१ साउन २ गते पदावधि सकिएको पछि वडा कार्यालयले गुठी संस्थानको स्वीकृती विना २०८१ कार्तिक २७ गते वडाध्यक्ष सोमकुमार कार्कीको अध्यक्षतामा भेला गरी नयाँ समिति गठन गरेको थियो । स्थानीय सरकारले आफू अनुकूल समिति गठन गरेपछि विवाद बाहिर आएको थियो । उच्चको रिट जारीपछि नव गठित समिति स्वत: निष्क्रिय भएको छ ।

## पचास वर्षपछि...

...हाल ती परिवारसहित कञ्चन गाउँपालिका-५ को सन्डहवा गाउँको एउटा ब्लकका करिब पाँच सय परिवारको लालपुर्जा बनेको छ । यो ब्लकमा मात्रै करिब एक हजार दुई सय परिवारको बसोबास रहेको छ । जिल्ला भूमि समस्या समाधान आयोगका अध्यक्ष कुमार थापाले प्रक्रिया पूरा गरेर ती सबै परिवारलाई क्रमश: पुर्जा वितरण गरिने जानकारी दिए । आयोगले स्थानीय पालिकासँगको समन्वयमा गाउँपालिकाको गरगरेमा विशेष समारोहको आयोजना गरी पाध्यासहितका चार सय ३० परिवारलाई एकैदिन जग्गाधनी पुर्जा दिइसकेको उनले बताए । अध्यक्ष थापाले भने,"पुर्जा वितरणको कामलाई निरन्तर जारी राखिने छ । अब लगत्तै जिल्लाका अरु पालिकामा पनि लालपुर्जा वितरण गरिने छ ।" आज यहाँ आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जग्गाधनी पुर्जा प्रदान गरेका हुन् । त्यस अवसरमा उनले भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोबासीको बाहुल्य रहेका क्षेत्रबाट एकसाथ पुर्जा वितरणको काम सुरु गरिएको बताए । पौडेलले भूमिहीनलाई लक्षित गरेर आवाससहित कृषिउद्यमकोसमेत प्रबन्ध गर्ने तयारी भइरहेको बताए । "मोही किसान, भूमिहीन श्रमिक, उखडा, गाउँब्लक पीडित किसानको समस्यालाई वर्तमान सरकारले सुरुदेखि नै प्राथमिकतमा राखेर काम गरिरहेको छ । यसपटक समस्याको दिगो समाधान गर्ने गरी सरकार केन्द्रित भइरहेको छ", उपप्रधानमन्त्री पौडेलले भने । विसं २०२१ को भूमि सुधार ऐनले पश्चिम तराईमा उखडा, गाउँब्लक, पाँच नम्बरी र आठ नम्बरी जस्ता समस्या जन्माएको मानिन्छ । तिनै भूमिहीनलाई जग्गाधनी पुर्जा दिने र आवासकोसमेत प्रबन्ध गरिदिने नीति सरकारले ल्याएको त्यस अवसरमा जानकारी दिइयो । रुपन्देही जिल्ला भूमिहीन समस्या दृष्टिले सबैभन्दा उच्च स्थानमा रहेको छ । यहाँ कूल ७६ हजार ६५७ जना भूमिहीन रहेका छन् । लुम्बिनी प्रदेशअन्तर्गत पर्ने यो जिल्ला ऐतिहासिक, धार्मिक र व्यापारिक केन्द्र भएकाले जनसङ्ख्याको उच्च घनत्व छ । यसकारण अव्यवस्थित बसोबासीको सङ्ख्यासमेत धेरै रहेको भूमि समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष हरि रिजालले बताए । लुम्बिनीको धार्मिक महत्वले बढ्दो बसोबास चाप, भारतसँगको सीमा र औद्योगिक क्षेत्रका कारण आन्तरिक बसाइँसराइ र कानुनी बसोबास अनुमति नपाएका हजारौँ परिवार यहाँ रहेको र तिनको समस्या समाधान गर्ने गरी काम भइरहेको उनको भनाइ थियो ।

*-रासस*

### खेलकुद समाचार

## भारतले इंग्ल्यान्डलाई ३ सय ३६ रनले हरायो



**काठमाडौँ,** असार २३/इंग्ल्यान्डसँगको पाँच टेस्टको शृङ्खलामा भारतले १-१ को बराबरी गरेको छ । इंगलयान्डको एजबास्टेनमा भएको दोश्रो खेलमा भारतले इंग्ल्याडलाई तीन सय ३६ रनले हरायो । भारतले दिएको छ सय आठ रनको ठूलो लक्ष्य पछ्याएको घरेलु टोली पाँचौ तथा अन्तिम दिनको दोश्रो सिजनमा दुई सय ७१ रनमा अलआउट भयो । इंगलयान्डका लागि जिमी स्मिथले ८८ रन बनाए । भारतका आकाश दीपले छ विकेट लिए । भारतले पहिलो पारीमा कप्तान शुभमन गिलको दोहोरो शतकसहित पाँच सय ८७ रन बनाएको थियो । इंगलयान्डले पहिलो पारीमा हेरी ब्रुक र जिमी स्मिथको शतकसहित चार सय सात रन बनाएको थियो । भारतले दोश्रो पारीमा कप्तान गिलकै शतकमा चार सय २७ रन जोडेपछि घरेलु टोलीले छ सय आठ रनको ठूलो लक्ष्य पाएको थियो । तेस्रो टेस्ट बिहिवार लर्ड्समा शुरु हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** असार २३/नेपाल स्टक एक्सचेञ्ज नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक २२ दशमलव ३५ अङ्कले घटेर दुई हजार ६८४ दशमलव ०१ को बिन्दुमा कायम भएको हो ।

विभिन्न ३११ कम्पनीका एक करोड ९४ लाख १५ हजार ६८८ कित्ता शेयर ७१ हजार ३१३ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ३७ करोड ७३ लाख २७ हजार १४७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव ६१ र म्युचुअल फण्ड शून्य दशमलव ०७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ७९, विकास बैंक शून्य दशमलव ८१, वित्त तीन दशमलव ७६, जलविद्युत् एक दशमलव ०२ र लगानी समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा शून्य दशमलव ९३, उत्पादन तथा प्रशोधन एक दशमलव २४, लघुवित्त शून्य दशमलव ७०, निर्जीवन बिमा शून्य दशमलव ६६, व्यापार एक दशमलव २५ र अन्य समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ ।

कारोबारमा सबैभन्दा धेरै माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडको शेयर मूल्य छ दशमलव ५६ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रू ८० करोड ७० लाख ५६ हजार चार सय ५१ बराबरको शेयर खरिद बिक्री भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा प्रभु सेलेक्ट फण्डको सबैभन्दा धेरै २१ लाख १९ हजार ८१७ कित्ता शेयर किनबेच भएको छ ।

## मोहन कन्यामा भूपू विद्यार्थीहरुको समिति गठन



**पाल्पा,** असार २३/तानसेनस्थित मोहन कन्या माविमा भूपू विद्यार्थीहरूको समिति गठन भएको छ । सोमबार बसेको भूपू विद्यार्थीहरूको भेलाले समिति गठन गरेको हो ।

जसको अध्यक्षमा सौन्दर्यवती शाक्य, उपाध्यक्षमा सामना गुभाजु, सचिवमा बबिता गैरे चयन भएका छन् । यस्तै सदस्यहरूमा सरिता बज्राचार्य, सुष्मा श्रेष्ठ, विनिता घलान, माया गैरे, मनिषा शाही, मिना लामिछाने अनिषा शाही र मोहिनी देवी बज्राचार्यलाई रहेको शिक्षक मन गहिरेले जानकारी दिइन् । विद्यालयका प्रधानाध्यापक दीपक ज्ञवालीले हिरक महोत्सवलाई भव्य र सभ्य बनाउन भूपु विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रहने बताए । कार्यक्रममा पुर्ब प्रअ चोल प्रसाद ज्ञावलीले हिरक जयन्तिको लागि स्मारिका प्रकाशन गर्ने उद्देश्यले लेखहरु संकलन भइ रहेको र स्मारिकाको काम तिब्र रुपमा अघि बढेको बताए ।

विद्यालय ब्यवस्थापन समितिका सदस्य रमेश खनाल, मुक्तिराम तिमिल्सिना, शिक्षक अभिभावक संघका अध्यक्ष बसुन्धरा पाण्डे लगायतले आर्थिक रकम संकलन गर्ने, विभिन्न कार्यक्रमहरु गर्दै जाने बताए । कार्यक्रम विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठको अध्यक्षता, सहायक प्रअ रिना श्रेष्ठको सञ्चालनमा भएको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई